# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
(शिक्षा, विज्ञान तथा प्रविधि र विश्वविद्यालय निर्देशनालय)
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७८/०७९
च.नं. २१०

मितिः २०७८/७/१७

श्री प्रमुखज्यू
झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान ।

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को विनियोजन/राजस्व/ धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।७।१७ मा छलफल पश्चात् तयार गरिएको पाना २७ (सत्ताईस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा प्रदेश, आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ३५(१) बमोजिम ३५ दिनभित्र फछ्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(श्रीराम तिमिल्सिना)
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार काठमाण्डौ- प्रतिवेदन संलग्न छ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
प्रदेश/ संघ लेखा इकाई, प्यूठान :– प्रतिवेदन संलग्न छ ।

श्री राजस्व तथा आ०प्र० शाखा / प्रशासन शाखा

२०७८/७/२८

झिमरुक गाउँपालिका
ब्याङ्गे, प्यूठान
दर्ता नं. ३४७
मिति: २०७८/७/२९

o


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

झिमरुक गाउँपालीका, प्यूठान
लेखापरीक्षण प्रतिवेदन
२०७७।७८

र्यालय र स्थान: झिमरुक गाउँपालीका प्युठान

र्थिक वर्ष: २०७७।७८

| नाम | कार्यरत अवधि | | पेश्कि | पेश्कि [illegible] बेरुजु | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| प्र.प्र.अ. श्री कमलप्रसाद भुसाल | २०७७/०४/०१ | २०७८/०३/३१ | २६००००० | ७६८९२३ | ३३६८९२३ |
| लेखा छैटौं श्री पितामबर मरासिनि | २०७७/०४/०१ | २०७८/०३/३१ | | | |

रिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक भ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न ~~स्वर्गद्वारी गाउँपालीकाको~~,स्थापना भएको हो । स्थानीय सरकारले चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, त्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालीकाको उद्देश्य हेको छ । लुम्बिनि प्रदेशमा अवस्थित यस गाउँपालीका अन्तर्गत ८ वडा रहेका छन् ।

थानीय संचितकोषः आर्थिक वर्ष २०७७।७८ स्थानीय संचित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| | आयतर्फ | | | सि नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | गत वर्षको जिम्मेवारी | | १३८७१०८२.१६ | १ | चालु खर्च | २५८६३०३६२.३३ | २५८६३०३६२.३३ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | १७९४९३५५७. | १७९४९३५५७ |
| | ख) बैंक | १३८७१०८२.१६ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | राजस्व ( आन्तरिक आय) | | ८२४४११९४.३१ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ४८९२२९०.४२ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ७५०७८७५८.५९ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | २४७३१४५ | | ४ | लगानी | ० | |
| | क) वित्तिय समानीकरण अनुदान | १०१४००००० | | | | | |
| | ख) सशर्त अनुदान | २४१६४९३५० | | ५ | धरौटी फिर्ता | २९०८४० | २९०८४० |
| | ग) समपूरक अनुदान | २०००००००० | | ६ | जनश्रमदान फिर्ता | | |
| | घ) विशेष अनुदान | | | ७ | कोष फिर्ता | १२२३९३२७.४६ | १२२३९३२७.४६ |
| | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४१७२२००० | ८ | मौज्दात | | २९३६२३७६.९४ |
| | क) वित्तिय समानीकरण अनुदान | ५२६२००० | | | क) बैंक मौज्दात | २९३६२३७६.९४ | |
| | ख) सशर्त अनुदान | १४८५०००० | | | ख) नगद मौज्दात | | |
| | ग) समपुरक अनुदान | १४६१०००० | | ९ | शसर्त अनुदान फिर्ता | ३३१६६११०.२० | ३३१६६११०.२० |
| | घ) विशेष अनुदान | ७०००००० | | १० | गत वर्षको बढी बल्या | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | २५००००० | ११ | जनश्रमदान मौज्दात | | |
| ६ | अन्य | | ११९५४४७ | १२ | धरौट मौज्दात | ४४८५०२३ | ४४८५०२३ |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | १३ | कोष खाताको मौज्दात | ३५०२०७१.५ | ३५०२०७१.५ |
| | ख) सडक बोर्ड नेपाल | ११९५४४७ | | | | | |
| | ग) पर्यटन बोर्ड नेपाल | | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | ११२५०७४९.४६ | ११२५०७४९.४६ | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |
| १० | धरौटी आय | ४७७५८६३ | ४७७५८६३ | | | | |
| ११ | लगानीको सौंवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | ३६०९०२.५ | ३६०९०२.५ | | | | ५२११६९६६८.४३ |
| | जम्मा | | ५२११६९५८८.४३ | | जम्मा | | |

०

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालयको नाम: झिमरुक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान । आ.व.२०७७/७८

| क्र.सं. | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | उपरोक्त आर्थिक कारोबारको महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना २०७७, समष्टिगत र ईकाइगत स्वीकृत लेखापरीक्षण योजना, आन्तरिक लेखापरीक्षण प्रतिवेदनको गणितीय शुद्धतालाई आधार लिई, एवं सार्वजनिक लेखापरीक्षण सम्बन्धी मार्गदर्शन तथा असल अभ्यास तथा कार्यालयबाट पेस भएसम्मको स्रेस्ताको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । उक्त लेखापरीक्षणबाट देखिएको व्यहोरा उपर मिति२०७८/०७/१७ मा व्यवस्थापन पक्षसंग भएको छलफल पश्चात कायम गरेको व्यहोरा संलग्न गरी देहायअनुसारको प्रतिवेदन तयार गरिएको छ। | |
| १. | परिचय-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँ पालिकाको उद्देश्य रहेको छ । लुम्बिनि प्रदेशमा अवस्थित यस झिमरुक गाउँपालिका अन्तगत ८ वडा ४२ सभा सदस्य रहेका छन् । यस कार्यालयको कार्यक्षेत्र झिमरुक गाउँपालिका भित्र रहेको छ । | |
| २. | यस आर्थिक बर्षमा खर्च हुन नसकेको रकम संचित कोषमा ट्रान्सफर | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी रु | संचित कोषमा ट्रान्सफर रु | मौज्दात रु |
|---|---|---|---|---|
| १ | चालु खाता | 18955294.38 | 18955294.38 | - |
| २ | पूजिगत खाता | 7475944.84 | 7475944.84 | - |
| ३ | विभाज्य कोष | 451500 | 451500 | - |
| | जम्मा | 26882739.22 | 26882739.22 | ० |

बाँकी बेरुजु निम्नानुसार रहेको छ । अद्यावधिक बेरुजु - यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १३२८०००।०० | ५५१९७१०।०० | ३३६८९२३।०० | ०।०० | ७१७७२१३।०० |

सम्परीक्षणः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फस्यौंट कार्यालयबाट हुने व्यबस्था गरेको छ । गाउँपालीकाले यो बर्ष बेरुजु फस्यौंट गरी सम्परीक्षणको लागि पेश गरेकोमा निम्नानुसार संपरीक्षण गरीएको छ ।

| आ.व. 2073/074 | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | रकम(रु.) | फछ्यौंटको व्यहोरा | फछ्यौंट रकम | फछ्यौंटको आधार |
| 1 | 11 | लेखापरीक्षण गराउनु पर्ने- बादिकोट गाउँ विकास समितिको गाउँस्तरीय खानेपानी सरसफाई स्वच्छता समन्वय समितिको आय व्ययको खेस्ता समावेश गराई लेखापरीक्षण गर्नु पर्ने | 380,000 | गाउँस्तरीय खानेपानी सरसफाई स्वच्छता समन्वय समितिको आय व्यय खेस्ता समावेश गराई लेखा परिक्षणको दायरामा ल्याई उक्त समितिमा रहेको रकम गाउँकार्यपालिकाको कार्यालयमा एकत्रित गरेको। | 380,000 | लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि-थान 1 |
| 2 | 20 | लेखापरीक्षण गराउनु पर्ने- तुषारा गाउँ विकास समितिको गाउँस्तरीय खानेपानी सरसफाई स्वच्छता समन्वय समितिको आय व्ययको खेस्ता समावेश गराई लेखापरीक्षण गर्नु पर्ने | 300,000 | गाउँस्तरीय खानेपानी सरसफाई स्वच्छता समन्वय समितिको आय व्यय खेस्ता समावेश गराई लेखा परीक्षणको दायरामा ल्याई उक्त समितिमा रहेको रकम गाउँ कार्यपालिकाको कार्यालयमा एकत्रित गरेको। | 300,000 | लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि-थान 1 |
| 3 | 26 | लेखापरीक्षण गराउनु पर्ने- ओखरकोट गाउँ विकास समितिको गाउँस्तरीय खानेपानी सरसफाई स्वच्छता समन्वय समितिको आय व्ययको खेस्ता समावेश गराई लेखापरीक्षण गर्नु पर्ने | 250,000 | गाउँस्तरीय खानेपानी सरसफाई स्वच्छता समन्वय समितिको आय व्यय खेस्ता समावेश गराई लेखा परीक्षणको दायरामा ल्याई उक्त समितिमा रहेको रकम गाउँ कार्यपालिकाको कार्यालयमा एकत्रित गरेको। | 250,000 | लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि-थान 1 |
| 4 | 28 | प्रमाण बेगरको खर्च- भ्रमण आदेश र भ्रमण बिल संलग्न गरी खर्चको प्रमाण पेश हुनुपर्ने। | 37,000 | एक कर्मचारीलाई भ्रमण आदेश र प्रतिवेदन नराखी भ्रमण खर्च भुक्तानी दिएको भन्ने रहेकोमा भ्रमण आदेश, बिल र प्रतिवेदन पेश गरेकोले उक्त बेरुजु फछ्यौट गरियो। | 37,000 | भ्रमण आदेश र भ्रमण बिल 7/7 थान |
| आ.व. 2073/074 को जम्मा | | | 967,000 | | | |
| | | आ.व. 2074/075 | | | | |
| 5 | 31 | जिन्सी दाखिला- जन विकास आ.वि. ले कम्प्युटर मर्मत गरेकोमा उक्त कम्प्युटर जिन्सी किताबमा दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नु पर्ने | 37,800 | जनविकास आवासीय विद्यालयले कम्प्युटर मर्मत खर्च पेश गर्दा जिन्सी दाखिला नगरेको भनी बेरुजु देखाएकोमा उक्त विद्यालयको जिन्सी कितावमा दाखिला गरेको प्रमाण पेश गरेकोले उक्त बेरुजु फछ्यौंट गरियो। | 37,800 | प्राविधिक कार्यसम्पन्न प्रतिवेदन, लागत स्टिमेट, जिन्सी दाखिला प्रतिबेदनको प्रमाणको प्रतिलिपि |
| 6 | 33 | सार्वजनिक खरिद नियमावलीको पालना- भाडेपाटा चुरेपानी बिशुन डाँडा खा.पा. टङ्की मर्मत योजनाको बजेट विनियोजन | 50,000 | भाडेपाटा चुरेपानी विसुन डाँडा खापा टङ्की निर्माण योजनामा ट्याङ्की निर्माण नगरी खानेपानी पाइप खरिद र खन्नेपुर्ने काम गरी कार्य सम्पन्न भएकोमा अब उप्रान्त कार्यक्रम | 50,000 | प्राविधिक कार्यसम्पन्न प्रतिवेदनको प्रतिलिपि |

| | | | | | |
|---|---|---|---|---|---|
| | भएकोमा उक्त टङ्की मर्मत नगरी H.D.P. पाइप खरिद गरी खन्ने पुर्ने काम भएको तसर्थ यस्तो कार्यक्रम गर्दा संसोधन लागत तयार गरी अनमोदन गर्नु पर्नेमा सो नगरेकोले नियमित गर्नु पर्ने | | संशोधन गरेर काम कारवाही अगाडि बढाइने हुनाले उक्त बेरुजु फछ्र्यौट गरियो। | | |
| 34 | शिर्षक फरक - जन सेवा प्राविमा फर्निचर र फिल्ड निर्माणमा वजेट विनियोजन भएकोमा उक्त फर्निचर निर्माण र खरिद नै नगरी फिल्ड निर्माण कार्यमा खर्च गरेको नियमित गर्नुपर्ने | 234,000 | जनसेवा प्रा.वि. को आवश्यकता अनुसार झिमरुक गाउँसभाबाट उक्त विद्यालयको फर्निचर तथा फिल्ड निर्माणको लागि रु २३४०००/- विनियोजन भएकोमा विद्यालयको फिल्ड अत्यन्त्यै साघुरो रहेकोले फिल्ड निर्माण गर्ने क्रममा प्राविधिक कर्मचारीद्वारा लागत अनुमान गराउदा रु २५५३९२.५ बराबरको रकम फिल्ड निर्माणमा खर्च हुने देखिएको हुँदा सोही बमोजिम फिल्ड निर्माण कार्यको लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन अनुसार रकम भुक्तानी दिइएको हुँदा फर्निचर खरिदमा रकम अपुग भएकोले सोही अनुसार फिल्ड निर्माणको कार्य मात्र गरिएको हो। अब उप्रान्त कार्यक्रम संसोधन गरी सोही अनुसार गरिने हुँदा उक्त बेरुजु फछ्र्यौट गरियो। | 234,000 | प्राविधिक लागत अनुमान, प्राविधिक कार्यसम्पन्न प्रतिवेदन र नापी किताबको प्रतिलिपि |
| 35 | जिन्सी दाखिला - ज्येष्ठ नागरिक स्वास्थ्य शिविर कार्यक्रममा औषधी खरिद गरेको तर जिन्सी दाखिला र औषधी वितरणको भर्पाइ नभएकोले उक्त कागजात पेश गर्नुपर्ने | 90,000 | जेष्ठ नागरिक स्वास्थ्य शिविर कार्यक्रम संचालन गर्न आवश्यक औषधी खरिद भएको र उक्त औषधी वडा तथा स्वास्थ्य चौकीले जिन्सी आम्दानी बाधी निशुल्क वितरण गरेको भरपाई पेश गरेकोले उक्त बेरुजु फछ्र्यौट गरियो। | 90,000 | जिन्सी दाखिला प्रतिवेदनको प्रतिलिपि |
| 36 | पुँजिगत खर्चबाट चालु खर्च- दलित बस्तीको लागि वाटर फिल्टर वितरण कार्यक्रम गरेको। उक्त वितरण मुखी कार्यक्रम पुँजिगत खर्चबाट गरेकोले नियम सम्मत नदेखिएको | 55,000 | झिमरुक गाउँपालिकाको मिति २०७४/०४/२४ गते बसेको गाउँसभाले वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत पूँजीगत शीर्षकको वडा नं. १ का लागि लक्षित वर्गलाई साविक वांगेमरोट ६ नं. का दलितका लागि फिल्टर व्यवस्था कार्यक्रम स्विकृत गरेकोले सोही स्विकृत कार्यक्रम अन्तर्गतबाट साविक वाङ्गेमरोट वडा नं. ६ का विपन्न दलित वस्तीका घरमा सफा पिउने पानी पुऱ्याउने उदेश्य अनुरुप सो कार्यक्रम सम्पन्न गर्दा ३९ वटा फिल्टर वितरण गरिएको हो । आ.व ०७४/०७५ का लागि झिमरुक गाउँसभाबाट चालु प्रकृतिका कार्यक्रमहरु पूँजीगत शीर्षक अन्तर्गत परेता पनि त्यसपछिका आ.व. हरुमा चालु र पूँजीगत शीर्षक स्पष्टरुपमा छुट्याई सोही बमोजिम गरिएकोले उक्त बेरुजु फछ्र्यौट गरियो । | 55,000 | आ.व. 2074/075 को बजेट तथा कार्यक्रम पुस्तिकाको प्रतिलिपि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 10 | 37 | चेक नसाटिएको - सौतमारे पुल देखि गातिनासम्म गोरेटो बाटो मर्मत वापत उपभोक्ता समितिका अध्यक्ष लुम बहादुर घर्ति मगरको नाममा जारी गरिएको चेक हालसम्म पनि नसाटिएकोले उक्त रकम खर्च भएतापनि बैङ्क मौज्दात रहेकोले आम्दानी गर्नु पर्ने | 20,000 | सौतामारे पुलदेखि गातिनासम्म गोरेटो वाटो मर्मत वापत उपभोक्ता समितिका अध्यक्ष लुम वहादुर घर्ति मगरलाई रु. २००००/- भुक्तानी भएकोमा उक्त रकमको चेक नसाटिएकोले मौज्दात देखाई आ.व. ०७४/०७५ को एकिकृत वार्षिक आर्थिक विवरणमा रु २००००/- सहित रु ३१२७३९००/ ४५ रकम मौज्दात रहेको र आ.व. ०७५/०७६ को मुल संचित कोष भौचर नं. १ मा अल्या गरिएकोले उक्त वेरुजु फछ्र्यौट गरियो। | 20,000 | कार्यपालिका को 34 औ बैठक माइन्यूटप्रतिलिपि, मुल सञ्चितकोषको गोश्वारा भौचरको प्रतिलिपि आर्थिक 2074/075 प्रमाणित एकिकृत आर्थिक विवरण प्रतिलिपि थान 1 |
| 1 | 38 | चेक नसाटिएको - गर्तङ्ग फेदी देखि देउराली हुदै तल्लो खर्क गोरेटो बाटो मर्मत वापत उपभोक्ता समितिको नाममा जारी गरिएको चेक हालसम्म पनि नसाटिएकोले उक्त रकम खर्च भएतापनि बैङ्क मौज्दात रहेकोले आम्दानी गर्नु पर्ने | 47,527 | गर्तङ्ग फेदीदेखि देउराली हुदै तल्लो खर्क गोरटो बाटो मर्मत वापत उपभोक्ता समितिलाई रु ४७५२७/- भुक्तानी भएकोमा उक्त रकमको चेक नसाटिएकोले मौज्दात देखाई आ.व. ०७४/०७५ को एकिकृत वार्षिक आर्थिक विवरणमा रु ४७५२७/- सहित रु ३१२७३९००/ ४५ रकम मौज्दात रहेको र आ.व. ०७५/०७६ को मुल संचित कोष भौचर नं. १ मा अ ल्या गरिएकोले उक्त वेरुजु फछ्र्यौट गरियो। | 47,527 | |
| 2 | 42 | पुंजिगत खर्चबाट चालु खर्च - पूँजी निर्माणको काममा खर्च गर्ने बजेट कटुवाल संस्कृति संरक्षण, प्रोत्साहन भत्ता, नागरिक सचेतना व्यवस्थापन तथा दलित घरधुरीको लागि फिल्टर वितरण जस्ता चालुखर्चगरि नियम सम्मत नदेखिएको | 169,900 | झिमरुक गाउँपालिकाको मिति २०७४/४/२४ गते वसेको गाउँसभाले वार्षिक कार्यक्रम अन्तर्गत वडा नं. २ को पुँजीगत कार्यक्रम अन्तर्गत कार्यक्रम स्विकृत गरेकोले सोही अनुसार कार्यक्रम सम्पन्न गरेको हो । आ.व. ०७४/०७५ का लागि झिमरुक गाउँसभावाट चालु प्रकृतिका कार्यक्रमहरु पुँजीगत शीर्षक अन्तर्गत परे तापनि आगामी वजेट विनियोजनामा चालु प्रकृतिका कार्यक्रम चालु शीर्षकमा विनियोजन गरी खर्च गरिने छ । यस दफामा देखिएका वेरुजुमा शीर्षक फरक परेता पनि खर्च नियम संगतले नै भएकोले वेरुजु फछ्र्यौट गरियो । | 169,900 | आ.व. 2074/075 को वजेट तथा कार्यक्रम पुस्तिकाको प्रतिलिपि |
| | 43 | बढी निकासा- आर्थिक वर्ष 2074/075को लेखापरीक्षणमा पाठ्यपुस्तक र छात्रावृतीको बढी भुक्तानी लेखेको वेरुजुमा जोडजम्मा फरक परेको | 47,284 | आर्थिक वर्ष 2074/075 को लेखापरीक्षण अनुसार पाठ्यपुस्तक र छात्रावृतिको बढी भुक्तानी भएको भनी लेखिएको वेरुजुमा उक्त दफाको जम्मा वेरुजु रकम रु 507889 भनी उल्लेख गरेता पनि जोडजम्मा गर्दा रु. 460605 मात्र देखिने हुदा उक्त बढी देखिने रकम रु 47284 फछ्र्यौट गर्नु पर्ने देखिन्छ। आ.व. 2076/077 को संपरीणक्षमा रु 460605 रुपैया वेरुजु सम्परीक्षण भैसकेकोले उक्त दफा वेरुजु लगतबाट हटाउनु पर्दछ। | 47,284 | आ.व. 2074/075 र 2076/077 को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि |
| 3 | 54 | तरवार खरिद- गाउँपालिकाको कार्यालयले संस्कृति प्रवर्द्धन कार्यक्रम अन्तर्गत बजेट बाट 47 थान तरवार खरिद गरि दाखिला समेत गरतापनि खरिदको प्रयोजन, आवश्यकता तथा बजेटको ठोस उपलब्धीमुलक कार्यमा खर्च नगरेकोले बजेट खर्च नियम | 147,400 | झिमरुक गाउँपालिकाको मिति २०७४/०४/२४ गते वसेको गाउँसभाले संस्कृति प्रवर्द्धन अन्तर्गत यस गाउँपालिका भित्रका ऐतिहासिक स्थान ओखरकोट गढिकोट, तुषाराकोट, आरुपाटा वर्माथान, इस्नाथान, दियाल्ना चौर, वाङ्केकोट जस्ता स्थानमा नेपाल एकिकरणको वेलामा गरिएको युद्धकला झल्किने सराय नाच नाचिने र | 147,400 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सम्मत नदेखिएको | | सराय नाचमा तरवार प्रयोग हुने हुनाले उक्त नाचको प्रवर्द्धन र संरक्षणका लागि काट्ने तरवार नभई सरायनाच नाच्ने तरवार खरिद गरेकोले उक्त वेरुजु फछ्यौंट गरियो । | | |
| 14 | 59 | पूँजिगतबाट चालु खर्च- प्रोत्साहन भत्ता जस्ता चालु प्रकृतिका खर्च चालु वजेट शीर्षकमा समावेस गरि वजेट खर्च लेखु पर्दछ | 410,000 | झिमरुक गाउँपालिकाको मिति २०७४/४/२४ गते वसेको गाउँसभाले वार्षिक कार्यक्रम अन्तर्गत वडा नं. २ को पूँजीगत कार्यक्रम अन्तर्गत कार्यक्रम स्विकृत गरेकोले सोही अनुसार कार्यक्रम सम्पन्न गरेको हो । आ.व. ०७४/०७५ का लागि झिमरुक गाउँसभावाट चालु प्रकृतिका कार्यक्रमहरु पूँजीगत शीर्षक अन्तर्गत परेता पनि आगामी वजेट विनियोजनामा चालु प्रकृतिका कार्यक्रम चालु शीर्षकमा विनियोजन गरी खर्च गरिने छ । यस दफामा देखिएका वेरुजुमा शीर्षक फरक परेता पनि खर्च नियम संगतले नै भएकोले बेरुजु फछ्यौंट गरियो । | 410,000 | आ.व. 2074/075 को वजेट तथा कार्यक्रम पुस्तिकाको प्रतिलिपि |
| 15 | 68 | मिनिटिलर- तोकिएको अनुदान भन्दा बढी अनुदान दिएको असुल गर्नु पर्ने | 157,150 | दाखिला गरेको बैक भौचर पेश गरेकोले उक्त वेरुजु फछ्यौंट गरियो । | 157,150 | 2078/04/11 र 2075/07/08 दाखिला प्रतिलिपि |
| 16 | 69 | ढुवानी खर्च- गो.भौ.नं. 39, 41 र 42 बाट वास्तविक लाग्ने ढुवानी भाडा भन्दा वढी भाडा भुक्तानी गरेको असुल गर्नुपर्ने | 10,000 | मिति २०७५/०३/२० गतेको गोश्वारा भौचर नं. ३९ मा बुटवलबाट वडा न ३ दारिमचौरसम्मको मिनिटिलर ढुवानी भाडा रु १००००/-, विजुवारदेखि वडा न ३ दारिमचौरसम्मको रासायनिक मल ढुवानी रकम रु ५०००, खर्पुङ खोलादेखि वडा न ३ दारिमचौरसम्म लालिगुराँस धान उत्पादन पकेट क्षेत्र संचालन समितिले धानको विउ ढुवानी गरेको रु 5000, मिति २०७५/०३/२१ गतेको गौ. भौचर नं. ४१ मा अदुवा उत्पादन पकेट संचालन समिति झिमरुक-६ प्यूठानले मिनिटिलर ढुवानी वापत ढुवानी रकम रु १००००/-, मिति २०७५/३/२१ गौ.भौ.नं. ४२ मा सुन्तला उत्पादन पकेट क्षेत्र कार्यक्रम उपभोक्ता समितिले मिनिटिलर खरिदको ढुवानी रकम नराखेको यसरी गौ. भौ. नं. ३९,४१ र ४२ मा भुक्तानी हुँदा फरक फरक कृषक समूहले मिनिटिलर ढुवानी रकम रु 20000, रासायनिक मलको ढुवानी रकम रु 5000 र धानको विउ ढुवानी रकम रु 5000 गरि जम्मा रु 30000 हो।उक्त रकम मिनिटिलरको ढुवानी रकम मात्र नभएकोले नियम संगतनै देखिएकोले बेरुजु फछ्यौंट गरियो । | 10,000 | ढुवानी भर्पाइको प्रतिलिपि थान 4 र गोश्वारा भौचरको प्रमाणित प्रतिलिपि थान3 |
| 7 | 72 | ढुवानी खर्च- वढी ढुवानी भाडा लेखेको रकम असुल गर्नुपर्ने | 2,000 | दाखिला गरेको बैक भौचर पेश गरेकोले वेरुजु फछ्यौंट गरियो । | 2,000 | 78/04/11 राजस्व दाखिला प्रतिलिपि |
| [illegible] | 82 | जिन्सी दाखिला- प्रगतिशिल प्रावीको सामान जिन्सी दाखिला | 114,600 | प्रगतिशिल प्रा.वि.ले जिन्सी दाखिला गरी प्रमाण पेश गरेकोले उक्त बेरुजु फछ्यौंट | 114,600 | प्राविधिक कार्यसम्पन्न |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भएको प्रमाण पेश गर्नुपर्ने | | गरियो । | | प्रतिवेदन दाखिला प्रतिवेदन प्रतिलिपि |
| 19 | 82 | जिन्सी दाखिला- ज्ञानज्योती आविको सामान जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने | 23,700 | ज्ञानज्योति आधारभूत विद्यालयले जिन्सी दाखिला गरी प्रमाण पेश गरेकोले उक्त वेरुजु फछ्यौट गरियो । | 23,700 | प्राविधिक कार्यसम्पन्न र दाखिला प्रतिवेदनप्रमाणित प्रतिलिपि |
| 20 | 83 | जनता माध्यमिक विद्यालयमा खानेपानी निर्माण आयोजनामा लागत अनुमान तयार गर्दा खानेपानी टङ्की 2 वटा नराखेको तर कार्यसम्पन्न गर्दा उक्त 2 वटा टङ्की पनि समावेश गरेको र हाल उक्त योजनामा उल्लेखित टङ्की जडान समेत नभएकोले सो खर्चलाई नियम सम्मत मान्न नसकिने | 26,261 | जनता मा.वि. खानेपानी निर्माणको लागि प्राविधिक लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदनमा २ वटा टंकी राखेको, जिन्सी किताबमा पनि दाखिला गरेको साथै फोटोहरु समेत संलग्न गरेको हुँदा उक्त वेरुजु फछ्यौट गरियो । | 26,261 | दाखिला प्रतिवेदनप्रमाणित प्रतिलिपि फोट लागत अनुमा कार्यसम्पन्न प्रतिवेदन ना किताव |
| आ.व. 2074/075 को जम्मा | | | 1,642,622 | | | |
| | | आ.व. 2075/076 | | | | |
| 21 | 17 | आर्थिक सहायता- गाउँपालिकाले अनेरास्ववियु छैठौंको 21 औ सम्मेलनका लागि आर्थिक सहायता उपलब्ध गराएको खर्च नियमित गर्नुपर्ने | 10,000 | गाउँ कार्यापालिकाको मिति २०७५ कार्तिक ११को बैठकले गरेको निर्णय अनुसार रकम भुक्तानी गरेको अब उप्रान्त यस्ता खर्चलाई नियन्त्रण गरिने छ। उक्त वेरुजु रकम फछ्यौट गरियो । | 10,000 | कार्यपालिका को निर्णयको प्रमाणित प्रतिलिपि |
| 22 | 21 | सोझै खरिद - गाउँपालिकाको भवन निर्माण स्थल भ्यागुतामा मोटरबाटो र ग्रावेल गर्ने कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट निर्माण कार्य गराउनुपर्नेमा सोझै गराएकोले उक्त खर्च सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई नियमित गर्नुपर्ने | 1,399,764 | विभिन्न जग्गादाताले निशुल्क गाउँपालिकाको नाममा १.८ रोपनी जग्गा उपलब्ध गराएको तत्काल बाटो नखोल्दा जग्गा प्राप्त गर्न नसकिने अवस्था सिर्जना भएकोले सोझै गाउँपालिकाले उक्त कार्य गरेकाले अगामी आ.व. देखि सो कार्य गर्दा खरिद नियमावली, २०६३ को दफा ८(२) बमोजिम नै गरिने हुँदा उक्त वेरुजु रकम फछ्यौट गरियो । | 1,399,764 | सभाको वेरुजु फछ्यौंटको निर्णय प्रतिलिपि |
| 23 | 22 | फरक नर्म्स - गाउँपालिकाले मध्यम चट्टान काट्ने कार्यको लागि डोलिडारको नर्म्स बमोजिम प्रति घ.मि. 318.65 का दरले भुक्तानी हुनुपर्नेमा विभिन्न योजनाको कार्य उपभोक्ता समितिवाट गराई बढी दरले भुक्तानी दिएको सम्बन्धमा एकिन गरि असुल गर्नुपर्ने | 1,155,726 | जिल्लाले दररेट कायम गर्दाखेरी हार्ड रक, सप्ट रक, हार्ड स्वाइल र सप्ट स्वाइल समावेश गरिएको तर मिडियम रकको दररेट कायम नगरेकाले जिल्लाका इन्जिनियर र डि.ई लगायत सो विषयमा विज्ञ व्यक्तिहरुसँग सल्लाह गरी हार्ड रक र सप्ट रकको औसत लिई मिडियम रकको दररेट झिमरुक गाउँपालिकाको गाउँसभावाट पारित दररेट अनुसार लागत अनुमान कायम गर्दा सो दररेट राखेको हो। सोही दररेट अनुसार लागत अनुमान र कार्यसम्पन्न गरिएकोले उक्त वेरुजु फछ्यौट गरियो। | 1,155,726 | झिमरुक गाउँपालिका को आ.व. 2075/076 को स्विकृत दररेटको प्रमाणित प्रतिलिपि |
| 24 | 32 | अग्रिम कर- अपुग 14 प्रतिशत कर कार्यालय प्रमुखलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने | 3,948 | कर दाखिलाको प्रमाण पेश गरेकोले उक्त वेरुजु फछ्यौट गरियो। | 3,948 | 2078/04/11 को दाखिला प्रतिलिपि |
| 25 | 33 | अनुगमन भत्ता- आफ्नै क्षेत्र भित्र रहेको योजना तथा कार्यक्रमहरु अनुगमन गरेको भनी ऐनमा व्यवस्था नभएको अनुगमन भत्ता रकम खर्च लेखेको नियमसम्मत | 52,500 | झिमरुक गाउँपालिकाको खर्च व्यवस्थापन सम्बन्धी मापदण्ड २०७५ मा कार्यक्रम तथा योजनाको अनुगमन गर्दा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतस्तर कर्मचारीले अनुगमन गरेकोमा प्रति दिन रु. १५०० भत्ता कायम गरेको सोही आधारमा जनप्रतिनिधी तथा प्रमुख प्रशासकीय अधिकृतलाई कार्यक्रम तथा योजनाको प्रगति तथा समस्याको बारेमा जान्नुपर्ने भएको हुँदा उक्त कार्यमा गएको समयमा खाना खाजा बास लगायतका खर्च हुने हुँदा | 52,500 | पालिका खर्च मापदण्डको प्रमाणित प्रतिलिपि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गरेकोहेरेको | | सो भन्दा उपलब्ध गराइएको हो भन्ने उक्त बेरुजु फछ्र्यौट गरियो। | | | | |
| 35 | प्रमाण पेश- पेश गर्नुहुनलाई छिटो छरितो र भरपर्दो बनाउन गाउँपालिकाले सफ्टवेयर खरिद गरेको तर कार्यालयमा उक्त सफ्टवेयरबाट जिन्सी र राजस्व सम्बन्धी कामकाज भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने | 288,150 | प्रमाण पेश भई आएकोले उक्त बेरुजु फछ्र्यौट गरियो। जिन्सी व्यवस्थापनमा महालेखा नियन्त्रक कार्यालयको पाम्स सफ्टवेरनै प्रयोगमा आएकोले जिन्सी सफ्टवेर सञ्चालनमा नरहेको तथा राजस्वको सफ्टवेर नियमित प्रयोगमा रहेको। | 288,150 | नगदी रसिदको प्रतिलिपि | | |
| 075/076 को जम्मा | | 2910088 | | | | | |
| आ.व. को जम्मा | | 5519710 | | | | | |

| क.सं. | लेखापरीक्षण टोली |
|---|---|
| १ | निर्देशक श्रीराम तिमिल्सिना |
| २ | लेखापरीक्षण अधिकारी श्री झविन्द्र भण्डारी |
| ३ | लेखापरीक्षण अधिकारी श्री अजयकुमार गुप्ता |
| ४ | लेखापरीक्षण अधिकारी श्री शंकर ढकाल |